श्री कृष्णदल गण, चापाघाट व्यारेक, दमौलीतनहुं
शीलबन्दि दरभाउपत्र आह्वानको सूचना

आह्वानको सूचना नं.०३ (प्रथम पटक प्रकाशित मिति २०७५/१२/०७ गते )

१. श्री कृष्णदल गण दमौली व्यारेक तनहुंमा भएका व्यारेक घरहरु रङ्गरोगन गर्ने कार्य र पदिक मेश मर्मत गरी स्तरोन्नती गर्नुपर्ने भएकोले ईच्छुक फर्म/संस्था/कम्पनीहरुवाट निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र आव्हानको सार्वजनिक सुचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | स्तरोन्नती गर्नुपर्ने भौतिक पुर्वाधारको बिबरण | लागत स्टीमेट रकम | दरभाउ पत्र जमानत रकम |
|---|---|---|---|
| १ | पदिक मेश मर्मत गरी स्तरोन्नती गर्ने कार्य | १०,०४,०५०।७७ | ३०,१२५।०० |
| २ | व्यारेक घरहरु रङ्गरोगन गर्ने कार्य | ८,१५,०३४।२६ | २४,४५५।०० |
| | जम्मा रु. | १८,१९,०८५।०३ | ५४,५८०।०० |

२. दरभाउपत्र खरिदकर्ताले लिखित निवेदन सहित निम्नानुसारको कागजातको प्रतिलिपि पेश गरेर मात्र दरभाउपत्र खरिद गर्न सक्नेछ:

(क) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि । (ख) फर्म/संस्था/कम्पनीदर्ताको प्रमाण-पत्रको प्रतिलिपि ।
(ग) मुल्य अभिबृद्धि कर दर्ता प्रमाण-पत्र र स्थायी लेखा नम्बर (प्यान) दर्ता प्रमाण-पत्रको प्रतिलिपि ।
(घ) व्यवसाय इजाजतपत्र (ढुवानी सम्बन्धी अनुमति-पत्र) को प्रतिलिपि ।

३. दरभाउ पत्रदाताहरुले दरभाउपत्र पेश गर्दा दरभाउ पत्रसाथ अनिवार्य रुपमा संलग्न गर्नुपर्ने कागजातहरु

(क) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि । (ख) फर्म/संस्था/कम्पनीदर्ताको प्रमाण-पत्रको प्रतिलिपि ।
(ग) मुल्य अभिबृद्धि कर दर्ता प्रमाण-पत्र र स्थायी लेखा नम्बर (प्यान) दर्ता प्रमाण-पत्रको प्रतिलिपि ।
(घ) व्यवसाय इजाजत-पत्र सम्बन्धी अनुमतिपत्र-को प्रतिलिपि,(नविकरण गर्नु पर्ने अवस्था भए नविकरण सहितको)
(ङ) आ.व.०७४/७५ को आन्तरिक राजश्व विभागबाट प्राप्त कर चुक्ता गरेको प्रमाण-पत्रको प्रतिलिपि ।
(च) दरभाउपत्र दाताले निर्माण कार्यमा भाग लिन अयोग्य नभएको, आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणापत्र ।
(छ) संयुक्त रुपमा काम गर्न चाहाने दरभाउपत्र दाताले संयुक्त उपक्रम सम्वन्धी सम्झौता वनाई पेश गर्नुपर्नेछ । संयुक्त उपक्रममा काम गर्ने दरभाउ पत्रदाताले सार्वजनिक खरिद नियमावली २०६४ को नियम २८ को उपनियम (१), (२), (६) र (७) मा तोकिएको शर्त तथा दायित्व वहन गर्नुपर्ने भएकोले संयुक्त रुपमा कामगर्ने वोलपत्रदाताले संयुक्त उपक्रम बनाई उक्त कागजातमा उपक्रममा रहने मुख्य साझेदारको हिस्सा र अन्य साझेदारको न्युनतम हिस्सा (योग्यता) खुलाई दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।
(ज) दरभाउ पत्रदाताले पदिक मेश स्तरोन्नती वापतको रु.३०,१२५।०० र व्यारेक घर रङ्गरोगन वापतको रु. २४,४५५।०० समेत जम्मा रु.५४,५८०।०० ( चौवन्नहजार पांचसय असीरुपैया) वरावरको रकम श्री कोष तथा लेखा नियन्त्रक कार्यालय तनहुंले नेपाल बैंक लिमिटेड, दमौलीमा खोलेको धरौटी खाता नं.०६००२००००००००३०००१७ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा सो बराबरको रकमको नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त "क" वर्गको बाणिज्य बैंकवाट यस गणको नाममा जारी भएको दरभाउ पत्र जमानत (बैक ग्यारेन्टी) पेश गर्नुपर्नेछ । उक्त जमानतको मान्य अवधि दरभाउपत्र पेश गर्न तोकिएको अन्तिम मितिबाट कम्तिमा ७५ दिन म्याद भएको हुनु पर्नेछ ।

४. दरभाउपत्रदाताले पालना गर्नुपर्ने शर्तहरु

(क) सम्बन्धित व्यक्तिफर्म/कम्पनी/संस्थाआफैले खरिद गरेको दरभाउपत्र सम्बन्धी कागजात पुर्ण रुपमा भरी पेश गर्नुपर्नेछ ।
(ख) दरभाउ पत्रदाताले दरभाउपत्र फाराममा कुवल दररेट भर्दा मुल्य अभिबृद्धि कर बाहेकको दर अंक र अक्षरमा केरमेट नगरी प्रस्ट रुपमा भर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।
(ग) पदिक मेशको मर्मत गरी स्तरोन्नती गर्ने र व्यारेक घरहरुमा रङ्गरोगन गर्ने कार्यको छुट्टा छुट्टै दरभाउ पत्र भरी पेश गर्ने पर्नेछ ।

५. दरभाउपत्रदाताले ध्यान दिनुपर्ने कुराहरु

(क) दरभाउपत्र फाराम यस गणवाट सूचना प्रकाशित भएको मिति देखि १५ औं दिन अर्थात २०७५/१२/२१ गतेको कार्यालय समयसम्म प्रति दरभाउपत्र फाराम दस्तुर रु.१०००।००- (एक हजार) पछि फिर्ता नहुने गरी खरिद गर्न सकिनेछ । खरिद भएका दरभाउपत्रहरु मिति २०७५/१२/२२ गतेको १२०० बजेसम्म वा सो भन्दा अगावै बिदाको दिन बाहेक कार्यालय खुलेको जुनसुकै दिन यस गणमा मात्र दर्ता गरि सक्नुपर्नेछ । दर्ता भएका वोलपत्रहरु मिति २०७५/१२/२२ गतेको १३०० बजे

दरभाउपत्र खोल्ने कार्यको लागि उपस्थित प्रतिनिधि, दरभाउ पत्रदाता वा निजले अख्तियार गरेको प्रतिनिधिहरुको रोहवरमा यस गणमा खोलिनेछ । दरभाउ पत्र खोल्ने समयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि उक्त दरभाउपत्र खोल्न बाधा पुग्ने छैन । दरभाउ पत्र खोल्ने दिनकुनै सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिनमा माथि उल्लेखित स्थान र समयमा दरभाउपत्र खोलिनेछ ।

(ख) कुनै दरभाउ पत्रदाताले यस सुचनाको दफा २ को उपदफा (क), (ख), (ग) र (घ) मा तोकिएको प्रमाण-पत्रहरुको प्रतिलिपि संलग्न राखी तोकिए बमोजिमको दरभाउपत्रको लाग्ने दस्तुर हुलाक वा कुरियर महशुल तिरी दरभाउपत्र सम्बन्धी कागजात माग गरेमा हुलाक वा कुरियर मार्फत दरभाउपत्र सम्बन्धी कागजात पठाईनेछ, तर सो कागजात यस गणमा समयमा नै प्राप्त हुन नआएमा यस गण जवाफदेही हुनेछैन

(ग) यो दरभाउपत्र नेपाली नागरिकलाई मात्र प्रदान गरिनेछ र सम्झौता अवधिभर मुल्यबृद्धि दिईनेछैन ।

(घ) पदिक मेशको मर्मत गरी स्तरोन्नती गर्ने र व्यारेक घरहरुमा रङ्गरोगन गर्ने कार्यको दरभाउ पत्रहरु छुट्टा छुट्टै मुल्याङ्कन गरी घटीवाला र सारभुत रुपमा प्रभावग्राही दरभाउ पत्रलाई मात्र छनौट गरिने छ ।

(ङ) यस सुचना तथा यसै सम्वन्धी दरभाउपत्र फाराममा उल्लेख भएजति कुरामा सोही बमोजिम र अन्य कुराहरुको सम्वन्धमा नेपाल सरकारको प्रचलित ऐन, नियम तथा कानुन बमोजिम हुनेछ ।

६. दरभाउपत्रको मान्य हुने अवधी: दरभाउपत्र पेशगर्न तोकिएको अन्तिम मितिबाट ४५ दिनसम्म कायम रहनेछ ।

७. सार्वजनिक खरिद ऐन २०६३ को दफा २४ बमोजिम रित नपुगी वा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।

८. दरभाउपत्र दाताहरुलाई दरभाउपत्र सम्वन्धी कागजात र अन्य कुराहरु जानकारी गराउने उद्देश्यले सार्वजनिक खरिद नियमावली २०६४ को दफा ५२ बमोजिम मिति २०७५/१२/१७ गतेको ११०० बजे यस गणमा दरभाउपत्र पेश गर्नु पुर्वको बैंठक तथा अन्तरक्रिया कार्यक्रमको आयोजना हुने भएकोले दरभाउ पत्रदाताहरुले उक्त बैंठकमा उपस्थित भई प्रश्न वा जिज्ञासा राख्न सक्नेछ ।

९. अन्य जुनसुकै कुरा लेखिएको भएतापनि बैंक वा वित्तिय संस्थाको ऋण नतिरी प्रचलित कानुन बमोजिम अधिकार प्राप्त निकायले कालो सुचिमा राखेको व्यक्ति,फर्म, संस्था वा कम्पनीले त्यस्तो कालो सुचिमा कायम रहेकाले भाग लिन सक्नेछैन ।

१०. खाली खाम, बैंक जमानत संलग्न नभएको, दरभाउपत्र नै नभरेको वा दर कवोल नगरी खाली दरभाउपत्र पेश गर्ने तथा सार्वजनिक खरिद ऐन २०६३ को दफा ६२ मा उल्लेखित आचरणको विपरीत कार्य गर्ने दरभाउ पत्रदातालाई कालो सुचिमा राख्न सिफारिस गरिनेछ ।

११. यस सम्वन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र यस गण वा यस गणको फोन नं. ०६५५६२७२७ मा सम्पर्क राखी बुझ्न सकिनेछ ।

(अनन्त बहादुर सिंह)
प्रमुख सेनानी
गणपति